म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९४ | बुधबार ३० कात्तिक २०७९ | ने. सं. ११४३ कछलागा | 16 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हार्दिक निमन्त्रणा**

युवा अर्थविद् डा. स्वर्णिम वाग्लेसँग व्यवसायीहरूको वर्तमान समस्या र यसको निवारण सम्बन्धमा विशेष अन्तरक्रिया कार्यक्रम हुने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मिति : २०७९ कार्तिक ३० गते बुधबार
समय : दिनको ५:३० बजे
स्थान : हेटौंडा-२, पल्पसा सभा सदन, मकवानपुर

**प्रार्थी**
नेपाल लोकतान्त्रिक व्यापार संघ, मकवानपुर
नेपाल उद्योग व्यापार महासंघ मकवानपुर
राष्ट्रिय व्यापार संगठन श्र मकवानपुर

## मकवानपुर-१: सबैको जित्ने दाबी, डीना १६ हजार मतले अगाडि

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा तीन जना उम्मेदवाहरु बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । दलीयका हिसाबले सबैभन्दा धेरै मत एमाले र गठबन्धनका दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसँग छ ।



तर, १ नम्बर क्षेत्रमा दलीय प्रतिस्पर्धा मात्र नभई उम्मेदवारहरुबीचको व्यक्तिगत प्रतिस्पर्धा जस्तो देखिने विश्लेषण छ । उम्मेदवारहरुका हिसाबले गठबन्धनकी उम्मेदवार नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र एमालेबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा र राप्रपाका दिपकबहादुर सिंह मैदानमा छन् । तर, तीन जना उम्मेदवार नै आफ्नो जित निश्चितरहेको दाबी गर्छन् । १ नम्बर क्षेत्रमा स्वतन्त्रसहित १६ जना उम्मेदवार मैदानमा छन् । सिंहको पार्टी राप्रपासँग चुनाव जित्ने मत छैन । तर, सिंहले लोकप्रियताका आधारमा अप्रत्याशित मत ल्याउने दाबी गरिएको छ । सिंहले ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा हेटौंडाको मेयर पदमा ल्याएको मतलाई विश्लेषण गरेर उनलाई पनि प्रमुख दाबेदारका रुपमा हेरिएको छ । जसकारण १ नम्बर क्षेत्रमा ठूला पार्टीहरुबीचको मात्र नभई व्यक्तिगत प्रतिस्पर्धा जस्तो देखिएको हो ।

तीन दाबेदारमध्ये सबैभन्दा धेरै मत गठबन्धनकी डीनासँग रहेको मत विश्लेषण छ । डीनासँग सिंगै कांग्रेससँगै नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)को मत छ । १ नम्बर क्षेत्रमा १ लाख ५० हजार १ सय ५५ जना मतदाता छन् । जसमध्ये ७५ हजार २ सय २१ पुरुष, ७४ हजार ९ सय ३० महिला र अन्यमा चार जना मतदाता छन् । जसमध्ये डीनासँग ५५ हजार १ सय ३५ मत रहेको विश्लेषण गठबन्धनले गरेको नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य विजय गौतमले जानकारी दिए । मत विश्लेषणमा गठबन्धन १६ हजार १ सय ३४ मतले अगाडि रहेको देखाउँछ । १ नम्बर क्षेत्रमा एमालेको मत ३९ हजार १ रहेको विश्लेषण गठबन्धनको छ । जसमा राप्रपा नेपालको मत जोडिएको छैन ।

यस क्षेत्रमा पाँच वर्षको अवधिमा २५ हजार ३ सय ५६ मतदाता थपिएका छन् । २०७४ मा १ लाख २४ हजार ७ सय ९९ मतदाता रहेकोमा अहिले बढेर १ लाख ५० हजार १ सय ५५ पुगेको निर्वाचन आयोगको तथ्याङ्कमा उल्लेख छ । चुनाव जित्न बढेकै मत महत्वपूर्ण छ । प्रतिस्पर्धामा रहेका प्रमुख उम्मेदवारहरुले गत स्थानीय तहमा वडा अध्यक्षलाई प्राप्त मतका आधारमा मत विश्लेषण गरेका छन् । गठबन्धनले मत विश्लेषण गर्दा एमालेलाई मात्रै प्रमुख प्रतिस्पर्धीको रुपमा लिइएको छ । सिंहलाई तेस्रो प्रतिस्पर्धीका रुपमा हेरिएको मत विश्लेषणले देखाउँछ ।

तर, गठबन्धनकी डीना र एमालेबाट थापाको हार जित राप्रपाका सिंहले ल्याएको मतको आधारमा हुने देखिएको छ । डीनाको विश्लेषण सिंहले स्थानीय तहमा जस्तै एमालेको मत काट्छन र आफू विजयी हुनेछ । थापाको विश्लेषण सिंहले जति धेरै भोट ल्याए आफ्नो जित्ने सम्भावना त्यति रहनेछ । राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौला ४५ देखि ५० हजार मत थापालाई आउने दाबी गर्छन् । एमालेको करिब ४० हजार मत र कमल थापाको व्यक्तिगतसँगै पार्टीको मतले थापालाई जित गराउने उनको दाबी छ ।

राप्रपाका सिंहले एमालेको मत चोर्ने सम्भावना बढी रहे पनि गठबन्धनको मतलाई पनि उनले आफ्नो पक्षमा पार्ने देखिन्छ । जसकारण सिंहले कसको मत बढी चोर्छन् अहिले नै भन्न सकिँदैन । तर, डीना र थापाको हार जितको साँचो सिंहसँग रहेको चर्चा छ । कम्युनिष्टहरुको गढका रुपमा रहेको मकवानपुरमा राजसंस्था बोकेको राप्रपाको जनमत कमजोर छ । हेटौंडामा करिब ५-६ हजार मत रहेको आन्तरिक आंकलन राप्रपाको थियो । तर, सिंहले मेयरमा २० हजार ५ सय ३१ मत ल्याए । सिंहले हेटौंडाको मत ल्याए जस्तै बागमती र बकैया गाउँपालिकाको पनि मत बटुल्न सके डीना र थापा दुवै धरापमा पर्ने देखिन्छ ।

सिंहले अर्को पार्टीको मत चोर्न नसकेको अवस्थामा डीना र थापा दुवै बलिया छन् । २०७४ मा एमाले समानुपातिकतर्फ २८ हजार ८ सय ८४ मत ल्याउँदा कांग्रेस र माओवादीले क्रमशः १६ हजार ८ सय २२ र ११ हजार ५ सय ४३ ल्याएका थिए । त्यो कांग्रेस र माओवादीको मत जोड्दा २८ हजार ३ सय ६५ हुन्छ । अब त्यही मतमा नेकपा एसको मत जोड्दा गठबन्धनको मत हुन्छ । राप्रपा १५ हजार १ सय ७१, मालेले ३ सय १ मत ल्याउँदा अन्य पार्टीको २ सय मतको अँकडा पार नभएको निर्वाचन आयोगको तथ्यांकले देखाउँछ । २०७४ मा एमालेका कृष्णप्रसाद दाहालले ल्याएको मत र समानुपातिकतर्फ एमाले र माओवादीले प्राप्त गरेको मतान्तार २०४ मात्रै छ । त्यसैलाई आधार मान्दा पनि गठबन्धनका लागि एमाले एक्लै भारी पर्ने देखिन्छ । थापालाई जितका लागि एमालेको मत जोगाए पुग्छ ।

१ नम्बर क्षेत्रमा गएको स्थानीय तह निर्वाचनको मत परिणामलाई आधार मान्दा गठबन्धनकी डीना बलियो छिन् । यस क्षेत्रमा बागमती, बकैया, हेटौंडाको १५ र मकवानपुर गढीको १ देखि ४ गरी कुल ४० वडा पर्दछन् । उक्त क्षेत्रमा स्थानीय निर्वाचनमा राप्रपा नेपालले समर्थन गरेको एमालेले सबैभन्दा बढी १५ वटा वडा जित्यो तर, कुनै पालिका जित्न सकेन । कांग्रेसले दुई पालिकासहित १२ वटा वडा जित्यो । त्यस्तै माओवादीले एक पालिका सहित १२ वडा जित्दा नेकपा एसले एक पालिका र एक वडामात्रै जित्यो ।

स्थानीय तह निर्वाचनमा कांग्रेस, माओवादी र नेकपा एसको गठबन्धन थियो । एमालेको वडाध्यक्षका उम्मेदवारले पाएको मत ३८ हजार ६५ छ । उता कांग्रेसका वडाध्यक्षका उम्मेदवारले ३४ हजार ७२ मत प्राप्त गर्दा माओवादीले १६ हजार १ सय १७ र एकीकृत समाजवादीले ३ हजार २ सय ८३ मत ल्याएको छ । राप्रपाले ४ हजार २८ मत ल्याएको आयोगको तथ्यांकमा छ ।

## निर्वाचनमा खटिने ९० प्रतिशत कर्मचारीले बुझे नियुक्ती

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मकवानपुरमा ३ सय ६५ मतदान केन्द्रमा गरेर २ हजार ९ सय १८ जना कर्मचारी खटिने भएका छन् । निर्वाचनमा खटिने करिब ९० प्रतिशत कर्मचारीले मंगलबार नियुक्त पत्र बुझेका छन् ।

निजामति कर्मचारी २ हजार ९ सयसहित मकवानपुरका १० वटा पालिकामा गरेर आगामी ४ मंसिरमा हुने निर्वाचनका लागि ३ हजार बढी कर्मचारी खटाइने भएको हो । ३ सय ६५ मतदान केन्द्रमा शिक्षकहरु १-१ जना र कतै २ जनासम्म खटिने मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए । उनका अनुसार मंगलबार ९० प्रतिशतले नियुक्ती पत्रसँगै आवश्यक खर्च रकम बुझको र अब निर्वाचन सामग्री लिएर मतदान केन्द्रहरुमा पठाइने छ । हेटौंडाबाट नजिकैका मतदान केन्द्रमा खटिने करिब १० प्रतिशत कर्मचारीलाई १ मंसिरसम्म सबै प्रक्रिया पुऱ्याएर निर्वाचन सामग्रीसहित पठाइने निरौलाले बताए ।

हेटौंडाका विभिन्न मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसमेत गरेर २ हजार ९ सय जना कर्मचारी र अन्य सहायक स्तरका स्थायी शिक्षकहरुलाई चुनावमा खटाउन लागिएको निरौलाले बताए । कर्मचारीसँगै निर्वाचनको सुरक्षाका लागि ३ हजार भन्दा बढी म्यादीसमेत गरेर नेपाली सेना, जनपथ प्रहरी र सशस्त्र प्रहरी पनि खटाइने भएको छ । जसमध्ये करिब १ हजार ७ सय जना म्यादी प्रहरी मात्रै छन् । निर्वाचनको तयारीमा प्रदेश निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र १ र २ ले तीव्र तयारी गरिरहेका छन् ।

प्रदेश निर्वाचनको कार्यालय हेटौंडाले नियुक्त पत्र बुझेका कर्मचारीहरुलाई मतपेटिका, मतपत्रसहितका निर्वाचन सामग्री उपलब्ध गराइरहेको छ । जिल्लाको विकट र दुर्गम क्षेत्रमा खटिने कर्मचारीहरुलाई ढिला नगरी सोमबार बाटै निर्वाचन सामग्री उपलब्ध गराउन सुरु गरिएको थियो ।

कर्मचारीहरुले मंगलबार देखि निर्वाचन सामग्री बुझेर आफू खटिएको मतदान केन्द्रतर्फ हिँडेको निर्वाचन कार्यालयले जनाएको छ । यसअघि निर्वाचनमा खटिने कर्मचारीहरुलाई निर्वाचनका सम्बन्धमा अभिमुखीकरण दिइएको थियो । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा उपसचिव स्तरका मतदान अधिकृत रहेका छन् ।

अधिकृत स्तरका सहायक अधिकृत खटिएका छन् । जिल्लाका अन्य पालिकाहरुमा भने अधिकृत तहका मतदान अधिकृत खटाइएको छ । नायव सुब्बा तहका कर्मचारीलाई सहायक अधिकृतको रुपमा खटाइएको छ । जिल्लाका एक सय ६७ वटा मतदान स्थलमा ७ सय २८ जना मतदान अधिकृत र सहायक अधिकृतलाई पठाइदै छ । १ मंसिरसम्म निर्वाचनका लागि खटाइएका सबै कर्मचारी तोकिएको मतदान केन्द्रसम्म पुगिसक्नुपर्ने जनाइएको छ ।

जिल्लामा १९ वटा मतदान स्थललाई अतिसंवेदनशील र ६० वटा मतदान स्थललाई संवेदनशील सूचिमा राखिएको छ । मकवानपुरको दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा क्षेत्र गरेर ६० जना भन्दा बढी उम्मेदवार छन् । मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा १६ जना उम्मेदवार छन् । क्षेत्र नम्बर २ मा १० जना उम्मेदवार छन् । प्रदेश सभा १ को (क) मा १० जना, १ को (ख) मा १५ जना, प्रदेशसभा २ को (क) मा ८ जना र २ को (ख) मा १० जना उम्मेदवार छन् । जिल्लाभर महिला, पुरुष र अन्य गरेर २ लाख ९४ हजार ९ सय १९ जना मतदाता रहेका छन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४
९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

**BBS ADMISSION OPEN**



Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

# जटिलता हटाउन सहनशीलता

आज सहनशीलता दिवस हो । विश्वभर र नेपालमा पनि आज बुधवारका दिन अर्थात १६ नोभेम्बर सहजशीलता दिवस मनाउने गरिएको छ । सहनशीलता नामैले पनि प्रष्ट हुन सकिन्छ । हरेक मानिस, जात, धर्म, समाज र समुदायमा सहनशीलता त्यति नै महत्वपूर्ण छ, जति हामी सु:ख र शान्ति खोज्दौं । हरेक मानिसले आफूलाई र समाजलाई सु:ख र शान्तिका रुपमा हेर्न चाहन्छ । जटिलता हरेक पाइलाहरुमा भेटिन्छ । जिन्दगीमा आइपर्ने अनेकन जटिलताहरुका कारकमा एउटा सहनशीलताको अभाव पनि रहेको विश्लेषण गरिन्छ । अहिलेको समाजमा बढिरहेको आर्थिक र सामाजिक क्षेत्रमा देखिएका समस्याका कारण अमानवीय जटिलताहरु बढेका छन् । जसकारण मानवीय जटिलताबाट मुक्ति पाउन सहनशीलताले मुख्य भूमिका हुनेछ । सहनशीलता नै मानव जीवनको अचुक औषधि रहेको नेपाली समाजमा यस भनाई स्थापित छ । सहज शक्ति नै मानवीय जीवनको महत्वपूर्ण पक्ष हो । १९९६ मा, संयुक्त राष्ट्र महासभाले संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुलाई १६ नोभेम्बरमा सहिष्णुताको लागि अन्तर्राष्ट्रिय दिवस मनाउन आमन्त्रित गरेको थियो । त्यसपछि हरेक वर्ष १६ नोभेम्बरमा यस दिवस मनाउने गरिन्छ ।

अन्तर्राष्ट्रिय रुपमा सहनशीलता दिवसलाई विश्वभरि असहमति, असमझदारी र असहनशील भएपछिको खतराहरुको बारेमा जन जागरुकता फैलाउने कामका लागि महत्वका हिसाबले हेरिन्छ । आज यस दिवसको अवसरमा प्रत्येक वर्ष युनेस्कोद्वारा विभिन्न सम्मेलन र समारोहहरुको आयोजना हुने गर्दछ । जहाँ सहनशीलता र अहिंसाको प्रवर्द्धनको बारेमा गम्भीरता पूर्वक छलफल हुने गर्दछ । 'द्वन्द्व रोकथाम, मानव अधिकारको प्रवर्द्धनको हितमा विश्वका सबै मानिसहरुमा सहिष्णुता र शान्तिको मूल्यहरुलाई प्रोत्साहित गर्नुहोस' भनेर दिएको सुझावको सम्मानमा सहिष्णुता दिवसको सुरुवात भएको हो । ९० को दशकमा अफ्रिका, बाल्कन र काकेशसमा जातीय र सांस्कृतिक द्वन्द्वको परिप्रेक्ष्यमा रुवान्डा र बोस्नियाली नरसंहार भएको थियो । रुवान्डा र बोस्नियाली नरसंहारका पीडित परिवारहरुले सहिष्णुता दिवसको सुरुवात गरेका थिए । नेपालमा भने संहनशीलता दिवसलाई गम्भिरताका साथ मनाइएको पाइदैन् । नेपालमा पनि असहमति, असमझदारी र असहनशील भएपछिको खतराहरुको बारेमा जन जागरुकता फैलाउने कामका लागि यो दिवस महत्वपूर्ण हुने देखिन्छ । जसकारण राजनीतिक दल, सामाजिक संघसंसथाहरुले पनि सहनशीलता दिवसका अबसरमा समाजमा ज्ञान दिने गरी गतिविधिहरु गर्नुपर्ने देखिन्छ ।

विश्वभर र नेपालमा पनि आधुनिकीकरणले समाजहरुमा गहिरो परिवर्तन ल्याइ सञ्चार र आदानप्रदानको लागि विशाल अवसर खोलिरहेको अवस्थामा असमानता र गरिबी जस्ता अन्य नयाँ चुनौतीहरु पनि देखिएका छन् । दुर्व्यवहार घृणा र आतंकवादी हमलाहरुले मानव समुदायलाई एकताको सूत्र मा बाँध्न सकिरहेको छैन । यस सन्दर्भमा, सहिष्णुता, सद्भाव र सहनशीलताको कमी आधुनिकीकरणसँगै बढी रहेको छ । जसकारण अमानवीय जटिलताबाट मुक्ति पाउन सहनशीलताले मुख्य भूमिका हुनेछ । सहनशीलता नै शान्तिको लागि संघर्ष रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १ गते बिहीबार १७ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष नवमी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:२७, सूर्यास्त ५:८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु पराजय हुनेछ | तुला | : मान -सम्मान बढ्नेछ |
| वृष | : बुद्धि र पराक्रम बढ्नेछ | वृश्चिक | : धन लाभ हुनेछ |
| मिथुन | : नातागोतासंग भेटघाट हुनेछ | धनु | : व्यापार-व्यवसायमा उन्नति हुनेछ |
| कर्कट | : रोकिएको कामहरु बन्नेछ | मकर | : नबोली बस्दा राम्रो हुनेछ |
| सिंह | : आनन्दको महसुस हुनेछ | कुम्भ | : प्रेममा विवाद आउनसक्नेछ |
| कन्या | : मन चञ्चल हुनेछ | मीन | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |

# निजीकरण र एमसीसी : चुनावमा गरिएका कुतर्क



✍विजय घिमिरे

देशमा हाल अर्थतन्त्रमा देखिएको संकट चुनाव मुख्य आर्थिक विषय हुनुपर्ने थियो । तर, पञ्चायतकालमा बनेका भृकुटी कागज कारखाना, बाँसबारी छाला जुत्ता उद्योग खै ? भन्दै तिनलाई पो चुनावी मुद्दा बनाउन खोजियो । सरकारी स्वामित्वमा रहेका ती दुई संस्थान सरकारले धेरै पहिले निजीकरण गरेको थियो । निजी क्षेत्रले चलाउन सकेन । अनि बन्द भए ।

जनकपुर चुरोट कारखाना, हेटौंडा कपडा उद्योग, काठमाडौं - भक्तपुर चल्ने ट्रली बस सरकारले बिक्री गरेको थिएन । यी पनि चल्न सकेनन् बन्द भए । घाटैघाटाले जनकपुर चुरोट कारखाना चल्न सकेन । कसलाई दोष दिने ? यो नचल्नुमा सरकार, त्यहाँको व्यवस्थापन, त्यहाँ काम गर्ने कर्मचारी, कारखानाको मजदुर युनियन, त्यहाँको समाज को दोषी ? कांग्रेस, एमाले, माओवादी, राप्रपा, राजाको प्रत्यक्ष शासन सबै सत्तामा पुगेकै हुन् । यी संस्थान बन्द हुनुमा कुन पार्टी दोषी हो ?

यस पटक चुनावमा दुईवटा आर्थिक विषय - सार्वजनिक संस्थानको निजीकरण र एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन)लाई मुद्दाका रुपमा उठाइएको छ । सस्तो लोकप्रियताका लागि यी दुवै मुद्दामा भ्रामक कुतर्क गरिएका छन् ।

निजीकरण विरोधी नारा यसअघिका निर्वाचनमा पनि उठ्ने गरेको थियो । तर, यस विषयले सही निकास नपाउँदा नेपालको आर्थिक सुधार कार्यक्रम नै प्रभावित भएको छ । अहिले अर्थतन्त्रमा आएको संकटको एउटा मुख्य कारण आर्थिक सुधार कार्यक्रम रोकिनु पनि हो । अब अर्को चरणको साहसी आर्थिक सुधार कार्यक्रम नल्याउँदासम्म नेपालको अर्थतन्त्रले गति लिन सक्दैन । विदेशमा युवा पठाएर त्यहाँबाट पैसा आइरहन्छ भन्ने सोच र अभ्यासले अर्थतन्त्रमा सुधार हुँदैन । हाम्रो आयात वर्षको २० खर्ब छ र रेमिट्यान्स १० खर्ब रुपैयाँमात्र छ । यो १० खर्बको अन्तर पूर्न रेमिट्यान्सले मात्र सक्दैन ।

पंचायतकालमा बनेका भृकुटी कागज कारखाना, बाँसबारी छाला जुत्ता, हरिसिद्धि इट्टा उद्योगको नाम लिंदै राजनीतिक दलले बेचेर खाएको आरोप लगाइन्छ । पंचायतका समयमा बनेको ट्रली बस बन्द भएको विषयसमेत निजीकरणसँग जोडिन्छ । विशेषगरी नेपाली कांग्रेसमाथि सार्वजनिक संस्थान बेचेर खाएको आरोप लगाउने गरिएको पाइन्छ । आर्थिक सुधार कार्यक्रम अन्तर्गत २०४९ सालमा नेपाली कांग्रेसको सर कारले सार्वजनिक संस्थानको निजीकरण कार्यलाई व्यवस्थितरुपमा सुरु गरेको हो । तर, २०४२ सालमै सुरु गरिएको आर्थिक सुधारसँगै निजीकरणको अभ्यास पनि थालिएको थियो ।विसं २०४६ सालको राजनीतिक परिवर्तनपछि सरकारी स्वामित्वमा रहेका झन्डै २ दर्जन उद्योग व्यवसायमध्ये केहीको निजीकरण गरियो भने केही बन्द भए । निजीकरणलाई कांग्रेसको सरकारले गति दियो । कांग्रेसपछिको ठूलो दल एमाले पनि निजीकरणको पूर्ण विरोधी थिएन । एमालेले २०५१ सालको चुनावी घोषणापत्रमा 'छनोटपूर्ण निजीकरणमा जाने' शब्दावली प्रयोग गरेको थियो ।

बाँसबारी छाला जुत्ता कारखाना निजीकरण भएको उद्योग हो । अहिले यसको कुनै अस्तित्व छैन । चल्न सकेन यो बन्द भयो । तर, त्यसको जमिनमा भने सार्वजनिक क्षेत्रकै गंगालाल अस्पताल बनाइएको छ । विराटनगरमा सरकारीमात्र होइन निजी क्षेत्रका जुट मिल्स र कारखानासमेत चल्न नसकेर खण्डहर भएको देखिन्छन् । जनकपुर चुरोट कारखाना, हेटौंडा कपडा उद्योग, वीरगंज चिनी कारखाना निजीकरण गरिएको थिएन । सरकार बिक्री गर्न डरायो । अहिले खै त यी उद्योग ? ट्रली बस पनि सरकारले निजीकरण गरेको होइन । यो बस सञ्चालन हुँदा बिजुली खर्च नै उठ्न सकेन ।

कमाउनै नसकेपछि बन्द भयो । पछि स्थानीय निकायले चलाउने कोसिस पनि गरे तर खर्चै उठाउन सकेनन् । घाटा भयो बन्द गरे । सरकारले निजीकरण गरेको बुटबल पावर कम्पनीलगायतले निजीकरण पछि झनै राम्रो गरेका छन् । सरकारको काम चुरोट उत्पादन गर्ने हो र ? पक्कै पनि होइन । त्यतिबेलै जनकपुर चुरोट कारखाना निजीकरण गरिएको भए 'याक' चुरोट अहिले पनि देख्न पाइन्थ्यो हेला । त्यो बिक्रीबाट प्राप्त पैसाले सरकारले राम्रो अस्पताल बनाउन सक्थ्यो । सडक बनाउन सक्थ्यो । त्यो अवसर गुम्यो । नेपालका एक जना चर्चित उद्यमीले 'याक ब्रान्ड' आफूलाई बिक्री गर्न पनि अनुरोध गरेका थिए । तर, नचाहिँदो विरोधका कारण सरकारले जनकपुर चुरोटलाई निजीकरण गर्न सकेन । अहिले त्यसको अस्तित्व नै मेटिएर गयो । यसबीच करोडौं खर्च भयो । नेपाल वायु सेवा निगम अहिले पनि सर कारी स्वामित्वमै छ र अर्बौं ऋणमा छ । त्यहाँभित्रका बेथितिको समाचार नआएको साता हुँदैन । निगमको हरहिसाब हेर्दा सम्पत्तिभन्दा ऋण बढी भइसकेको देखिन्छ । यो ऋण कसले बेहोर्ने ? कहिल्यै जहाज नचढेकाले पनि त्यहाँको ऋणको भार बोक्नु परेको छ । आखिर केका लागि ? निगम एक रुपैयाँमा पनि कसैले नकिन्ने कम्पनीमा परिणत हुन धेरै समय नलाग्न सक्छ । यसलाई जनताले तिरेको कर खर्च गरेर बचाउने कि निजीकरण गरेर चलाउने भन्ने प्रश्न पो बहसको विषय हो ।

सरकारको काम उद्योग व्यवसाय चलाउने होइन भन्ने मान्यतामा निजीकरण आएको हो । पंचायतकालमै सरकारको व्यवस्थापनले सरकारी संस्थान व्यावसायिकरुपमा सञ्चालन हुन सक्दैनन् भन्ने देखिइसकेको थियो । सरकारले आर्थिक उदारीकरण र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएपछि सरकारी संस्थान असान्दिर्भक बन्दै पनि गएका थिए । बढ्दो विश्व व्यापार, पूर्वाधारको विस्तारले पनि प्रतिस्पर्धा गर्न नसक्ने उद्योग व्यवसाय रुग्ण हुन पुगे ।

भृकुटी कागज कारखानाले यही दुर्भाग्य भोगेको हो । नेपालमा उत्पादन गर्दा निकै महँगो पर्ने भयो । कागज चाहिनेले विश्व बजारमै त्यसभन्दा बढी गुणस्तरको कागज सस्तोमा पाउँछ भने किन नेपाली कम्पनीको किन्छ ? हामी सर्वसाधारण उपभोक्ता पनि सस्तोमा समान किन्न खोज्छौं । गुणस्तरको खोज्छौं त । बाँसबारी छाला जुत्ता त्यही भएर बन्द भएको हो । प्रतिस्पर्धी हुन नसकेर न ट्रली बस बन्द भएको हो । निजीकरण आर्थिक सुधारको सानो अंश थियो । तर, यसले निजीक्षेत्रको उत्साह भने बढाएको थियो । राजनीतिक अस्थिरता, गलत बुझाइजस्ता कारणले निजीकरण प्रक्रिया ठप्प भयो । यससँगै आर्थिक सुधार मन्द भयो ।निजीकरणको बदनाम गर्नेमा मुख्यरुपमा यसबाट अनुचित फाइदा लिने नै छन् । सरकारी स्वामित्वका संस्थान कर्मचारी भर्ती केन्द्र र भ्रष्टाचारका अखडा हुने गरेका थिए । त्यहाँबाट फाइदा लिइरहेका कर्मचारी निजीकरणको विरोधमा गए । सरकारी कर्मचारीलाई पनि निजीकरण मनपर्ने कुरा भएन । संचार मन्त्रालयका पदाधिकारीको मुख्य आकर्षण नेपाल टेलिकम हो ।

### *'निजीकरणको बदनाम' : ठप्प आर्थिक सुधार*

त्यहाँ हुने नियुक्तीदेखि खरिद प्रक्रियासम्म मन्त्री, सचिवलगायत शक्तिकेन्द्रको हस्तक्षेप हुनेगरेको छ । व्यक्तिगत फाइदाका लागि यसरी हस्तक्षेप हुने गरेको हो । पर्यटन मन्त्रालयका लागि नेपाल वायु सेवा निगम 'दुहुनो गाई' हो । पर्यटनमन्त्री, पर्यटन मन्त्रालयका उच्च सरकारी अधिकारीदेखि शक्तिमा हुनेले निगमबाट व्यक्तिगत फाइदा पाउने गरेका छन् । जहाज किन्दा आउने विवादको कारण पनि यही हो । खुला आकाश नीति नलिएको भए अहिले पनि शक्तिमा हुने नेपालीले मात्र जहाज चढ्न सक्थे । त्यसैले निजीकरणको विरोध सामान्य नागरिकको हितका लागि गरिएको होइन । त्यहाँबाट शुभलाभ पाएकाले आफ्नो स्वार्थका लागि गरेका हुन् । अमेरिका सरकारले दिएको करिब ५० अर्ब रुपैयाँ बराबरको अनुदान सहयोगसँग जोडिएको एमसीसीमा पनि अनुचित भ्रम छर्ने काम भयो ।

यो विकास निर्माणसँग जोडिएर आएको पैसा हो । तर, यो कार्यक्रम लिए नेपालमा अमेरिकी सेना आउँछ भन्नेसम्मको कुतर्कहरु गरिए । नेपाललाई विदेशीले दिने अन्य विकास सहयोगसँग जोडिने गरेका भन्दा एमसीसीमा पनि फरक सर्त छैन । बरु, नेपालको हितमा एमसीसीमा जवाफदेहिता र पारदर्शिताजस्ता सर्तहरु जोडिएका छन् । अपारदर्शीरुपमा काम गर्दा व्यक्तिगत फाइदा लिन पल्केकाहरुले एमसीसीको चर्को विरोध गरे ।

यसमा नेपालमा अमेरिकी प्रभाव बढेको नरुचाउने वाह्य शक्तिले पनि खेल्ने मौका छोप्यो । त्यही भएर एमसीसी केही समय विवादमा रुमलियो । संसद्ले स्वीकृत गरेपछि एमसीसी कार्यान्वयन गएको छ । यो विकास निर्माणसँग सम्बन्धित कार्यक्रम भएकाले अन्य विदेशी सहयोगजस्तै कार्यान्वयन भइरहेको छ । तर, अहिले चुनावमा एमसीसीका मतियार फलानो हो भोट नदेऊ भन्नेजस्तो सस्तो भ्रम पार्नेगरी प्रचारप्रसार गरिएको छ । विकास निर्माणसँग जोडिएको योजना भएकाले एमसीसीको विरोध गर्नेहरु नेपालको विकास विरोधी हुन् ।

*साभार:बाह्रखरी*

# विवेकशील साझाको अन्तरसंघर्ष सम्झँदा



दिव्येश गिरी

केही दिनअघि स्व. उज्ज्वल थापाकृत पुस्तक 'ह्वाई नेपाल' विमोचन भयो । पुस्तक विमोचनमा विद्वान अर्थशास्त्री स्वर्णिम वाग्ले, स्वास्थ्य क्षेत्र सुधारका नेतृत्वकर्ता डा. गोविन्द केसी, नेपाली कांग्रेसका महामन्त्री गगन थापा, महिला अधिकारकर्मी मोहना अन्सारीलगायत वक्ता थिए ।

उज्ज्वल थापाले परिकल्पना गरेको लोकतन्त्र कसरी मूल्य-मान्यतासहितको लोकतन्त्र थियो र हाम्रो संस्काररहित लोकतन्त्रलाई त्यो बाटोमा पुऱ्याउनको लागि सबैले भूमिका नखेलेसम्म लोकतन्त्र बलियो नहुने विचार वक्ताहरूले राखे । उज्ज्वल थापा कोरोना कहरमा बिते। उनी छोटो जीवन बाँचे, तर अबको पुस्तालाई धेरै ठूलो विचार र सन्देश दिएर गएका छन्। लोकतन्त्र, नीति, नेतृत्व, समाज र सरकार कस्तो हुनुपर्छ भन्ने विषयमा उनका आफ्नै मूल्य-मान्यता र विचार थिए ।

### *उज्ज्वल थापाले के गरे ?*

उज्ज्वल थापा लुटतन्त्रको विरोधी लोकतन्त्रको पक्षधर मानिन्थे। मध्यमार्गी राजनीतिको वकालत गर्ने उज्ज्वल थापा कांग्रेस नेता गगन थापाको शब्दमा भन्दा नयाँ राजनीतिको सिद्धान्त मात्र होइन, मूल्यसहितको नयाँ राजनीतिको पक्षधर थिए। उनी थोरै बाँचे तर अबको पुस्ताले कस्तो राजनीतिलाई बोक्नुपर्छ भनेर बलियो उदाहरण पेश गरेर गए । उज्ज्वल थापाले आफ्नो जीवनकालमा समाजका लागि केही कामहरू गरेका थिए जसले उनी आउने पुस्तासम्म चिनिनेछन्। करिब सत्तरीको दशकतिर देश संविधान निर्माणको चरणमा थियो। त्यतिबेला 'नेताजी संविधान देऊ' भन्ने अभियानबाट उनको राजनीति सुरु भयो । चरम नेपाल बन्द हुँदा र ठूला दल सबै बन्दको होडबाजीमा लाग्दा 'नेपाल खुल्ला छ', 'बन्दलाई सधैंको लागि बन्द गरौं' भन्ने अभियान लिएर माइतीघरमा उभिन्थे।

अहिले १० वर्षपछि हेर्दा नेपालमा बन्दको संस्कृति सधैंलाई बन्द भए जस्तै छ। उनले २०७२ सालको भूकम्प जाँदा विवेकशील नेपाली दललाई काठमाडौंमा सबैभन्दा चाँडो उद्धारमा पठाएर राजनीति सेवासँग कसरी जोडिनुपर्छ भन्ने सन्देश दिएका थिए । डा. गोविन्द केसीको अनशनसहितको शिक्षा क्षेत्र सुधारको आन्दोलनको समर्थनमा उनी बाँचुन्जेल सडकमा नेतृत्व गर्दै उभिए । 'अकुपाई बालुवाटार' देखि अन्य धेरै आन्दोलनको नेतृत्व गरेका उनले मूल्य-मान्यताको राजनीति गर्ने हिसाबले विवेकशील नेपालीको गठन समेत गरेका थिए।

### *साझा पार्टीसँगको सम्बन्ध*

२०७४ सालमा सम्पन्न स्थानीय चुनावमा विवेकशील नेपालले रन्जु दर्शना र साझा पार्टीले किशोर थापालाई चुनावमा उठाएको थियो। दुवैले राम्रो प्रदर्शन गर्दै तेस्रो र चौथो स्थान हासिल गरेपछि धेरै मतदाताको शुभेच्छालाई कदर गर्दै उज्ज्वल थापाले पार्टी एकीकरण अगाडि बढाए । त्यतिबेला दुवै पार्टी वैचारिक हिसाबले अवस्था परिवर्तन र सुशासनको राजनीतिको लागि उदाएका थिए।

संविधानका व्यवस्थालाई आधारभूत हिसाबले मान्दै अवस्था परिवर्तनको मुख्य मुद्दा उठाउने सहमतिमा पार्टी एकता भएको थियो। वैकल्पिक राजनीतिलाई संस्थागत रूपले सुरु गर `का थापाले पनि नेतृत्व रवीन्द्र मिश्रले गर्छन् भने सहयोग गर्नुपर्छ भन्ने भावना प्रकट गरे । एकता यही कारण सम्भव भयो । अन्तत: विवेकशील साझा पार्टी बन्यो र संसदीय चुनावमा भाग लियो ।

संसदीय चुनावमा वाम गठबन्धनको रापतापका बीच करिब दुई लाखभन्दा धेरै मत ल्याएर संसद बाहिरको ठूलो दल बन्न पुग्यो। मिश्र स्वयं निकटतम प्रतिद्वन्द्वी बन्न सफल भए भने अन्य नेताहरू सम्मानजनक मत ल्याउन सफल रहे । थापालाई कारबाहीको त्यो प्रस्ताव र पहिलो विभाजन पार्टी एकता भएको १७ महिना नपुग्दै विवेकशील साझा पार्टी फुट्यो। यो तथ्य धेरैलाई थाहा छ तर त्यो फुटको एउटा कारण मिश्रले वैकल्पिक राजनीतिको संस्थापक आफ्नै थयो । नेतृत्वको कुनै पनि लोभ नभएको र विधि र मूल्यको राजनीतिलाई प्रधानता दिने थापाजस्ता पात्रमाथि कस्तो कारबाहीको प्रस्ताव गरियो होला भन्ने धेरैलाई लाग्न सक्छ। विवेकशील साझा पार्टी राष्ट्रिय पार्टी बन्न सकेन । थापाले मिश्रलाई पूर्व-पश्चिम यात्रामा जाने प्रस्ताव राखे। नागरिकसँग अन्तरक्रिया बढाउनुपर्छ भन्ने थापाको मान्यता थियो। पार्टीका सबल र दुर्बल पक्ष थाहा पाउन नागरिकसँग सजीव अन्तरक्रियाको विकल्प नरहेकोमा थापाको जोड थियो । मिश्रले यो प्रस्ताव मानेनन्। थापाले व्यक्तिगत हिसाबले यो यात्रा अगाडि बढाए। यही यात्राको सिकाइ र अनुभूति सम्हालेर उनले एउटा दस्तावेज लेखे। त्यो दस्तावेज केन्द्रीय समितिमा छलफल गरौं भन्ने प्रस्ताव थापाले राखे ।

एउटा सामान्य प्रस्ताव आफ्नै हैसियतको संयोजकले केन्द्रीय समितिमा छलफल गरौं भन्दा उनले उज्ज्वल माथि कारबाहीको डण्डा चलाउने र आफ्नो पक्षका केही मानिस ठाडो प्रस्तावमा केन्द्रीय समितिमा थप्ने प्रस्ताव ल्याए । यसले पार्टी विभाजनको बीउ रोप्यो।

### *दोस्रो एकता र राजावादी दस्तावेजको रजगज*

पार्टी फुटेपछि विवेकशील नेपाली यत्तिकै सकिन्छ भन्ने कतिपयको बुझाइ थियो, तर त्यसो भएन । थापाले विधि र मूल्य मान्यतामा पार्टीलाई अगाडि बढाए। नीति र नेतृत्व सम्मेलन भयो । थापाले नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण गरे र मिलन पाण्डे अध्यक्ष बने । यही समयमा पोखरामा भएको चुनावी नतिजापछि दुवै पार्टी मिल्ने बाटोमा पुगे । पार्टी एकताको बेला मिश्रले सहमति गरेरै ६ महिनामा महाधिवेशन गर्ने तथा पार्टीलाई नीतिगत हिसाबले प्रष्ट सेन्टर लेफ्ट तथा संविधानवादी पार्टी बनाउने दस्तावेजमा हस्ताक्षर गरेका थिए ।

तर, आफूले गरेको सहमति विपरीत उनले पार्टीलाई राजावादी धारमा लैजाने उद्देश्यका साथ विचारभन्दा माथि देश भन्ने दस्तावेज सार्वजनिक गरे। यसले विवेकशीलको सार्वजनिक पूँजीमा गम्भीर क्षयीकरण भयो । राजनीतिमा विश्वास नै गुमेपछि कस्तो अवस्था होला ? धोकैधोका पाएका नागरिकमा कुन हदसम्मको निराशा जन्मिएला ? हामीले जवाफ अहिलेको राजनीतिमा खोज्नुपर्छ। आम रूपमा नेता, कार्यकर्ता र समर्थकमा शक्तिशाली निराशाको सञ्चार भयो । पार्टीको घोषित नीति विपरीत पार्टीलाई सुहाउँदै नसुहाउने दस्तावेज ल्याएकोले उनको विरोध सार्वजनिक वृत्तमा तीव्र रूपमा हुनपुग्यो। मान्छेको इमानदारी कसरी जाँच्ने ? गल्ती गर्दिनँ भन्ने सार्वजनिक प्रतिबद्धतालाई कसरी पत्याउने ? विवेकशील साझाको निकट इतिहासले हामी धेरै जवाफ पाउँछौं। राजनीतिक दस्तावेजमा गरेको हस्ताक्षरको मसी नसुक्दै बाटो बदल्ने 'इमानदारी'लाई कसरी बुझ्ने ?

जेहोस्, युवा पुस्ताले राजनीतिमा समग्र रुपान्तरणको लागि नयाँ संस्कृति बसाउने गरी सुरु गरेको लामो राजनीतिक अभियानमाथि कुठाराघात भएको छ । नयाँ पुस्तामाथि धोका भएको छ । उज्ज्वल थापाविरुद्ध राखिएको कारबाही प्रस्ताव विवेकशीलका अन्य नेतृत्वमाथि पनि चल्यो । यो बीचमा न कुनै महाधिवेशन भयो न कुनै व्यवस्थित बैठक नै। वैकल्पिक रजनीतिको गोरेटोमा पहिरो लडाइयो तर सार्वजनिक प्रतिबद्धता यसलाई राजमार्ग बनाउने हो भनेर गर्न छोडिएन । विकृत राजनीति सुधार्ने यो कस्तो तरिका हो ?

राजनीति भनेको चर्को स्वरमा गरिने भाषण होइन, न त ग्लोबलियन शैलीमा इमानदारीको रटान लगाउनु हो । यो त व्यवहार हो र फेरि पनि व्यवहार हो । भ्रष्टाचार पैसामा मात्रै हुन्छ ? ओठमा तराजु बोलेर मनमा हलो सजाउनु भ्रष्टाचार होइन ? गणतन्त्रको दस्तावेजमा हस्ताक्षर गरेर राजतन्त्रको नारा लगाउनु सैद्धान्तिक भ्रष्टाचार र बेइमानी हो कि होइन ?

अङ्ग्रेजीमा एउटा शब्द छ- स्नोलिगोस्टर। एकदमै थोरै प्रयोग हुने यो यस्तो शब्द हो जसको शाब्दिक व्याख्या आर्थिक भ्रष्टाचार गर्ने नेता भन्दा डरलाग्दो हुन्छ। आफ्नो राजनैतिक लाभको लागि सैद्धान्तिक मूल्यलाई सिद्ध्याएर अर्को सिद्धान्तको छातामुनि ओत लाग्न पुग्ने प्रवृत्तिलाई यो शब्दले प्रतिनिधित्व गर्छ। असैद्धान्तिक तर चतुर मानिसले पुऱ्याउन सक्ने क्षति अचाक्ली हुन्छ।

पछिल्लो पटक २०१६ मा धर्मनिरपेक्षतावादी गठबन्धनबाट बिहारको मुख्यमन्त्री निर्वाचित भएपछि पुन: भाजपाको एनडीए गठबन्धनमा आबद्ध भएपछि कांग्रेस नेता शशि थरूले नितिश कुमारमाथि यस्तो टिप्पणी गरेका थिए-हाम्रो समाजमा यस्ता पात्र जतातातै छन् । समयमै चिनौं।

*(साभार : अनलाइनखबर)*

# परिजितालाई भ्वाइसमा पहिलो 'स्ट्यान्डिङ ओभेसन'

लसएन्जलस- नेपाली मुलकी परिजिता बास्तोलाले अमेरिकी गायन प्रतियोगिता 'दि भ्वाइस'को २२ औँ संस्करणमा पहिलो दिनदेखि प्रभाव पार्दै आएकी छिन् । टिम लिजेन्डको हिस्सा रहेकी परिजिताले सोमबारको प्रस्तुतिमा पहिलोपल्ट चारैजना कोचबाट 'स्ट्यान्डिङ ओभेसन' पाइन् । १७ वर्षीया परिजिताले 'स्टार इज बर्न' फिल्ममा लेडी गागाले गाएको 'आइ विल नेभर लभ अगेन' गीत प्रस्तुत गरेकी थिइन् ।



सोमबारको सोमा गायिका तथा नायिका क्यामिला काबेलोले परिजिताको गायनमाथि टिप्पणी गर्ने अवसर पाएकी थिइन् । 'तिमीले गीतको भावलाई मज्जाले टिपेको पाएँ र तिमी जम्मा १७ वर्षकी छ्यौं,' काबेलोको भनाइ थियो, 'तिम्रो गायकी उच्चकोटिको थियो ।'

उनका कोच जोन पनि काबेलको टिप्पणीप्रति सहमत थिए । 'उनको गायन भावुक बनाउने र इमानदार थियो । यसले हामी सबैलाई छोयो,' जोनले भने, 'तिमीले हामीलाई मुग्ध पार्यौं र यो जादुई थियो ।'परिजिता १ सय, ६०, ४० हुँदो टप १६ मा पुगेकी हुन् । टप १६ सम्म कोचले छनौट गरेर ल्याएपनि यहाँभन्दा त लभने प्रतियोगिता नकआउट रहन्छ । अर्थात् जसले भोट ल्याउन सक्छ ऊ प्रतियोगितामा रहन्छ । टप १५ हुँदै विजेता बन्नलाई परिजिताले हरेक प्रस्तुतिपछि भोट तान्न सक्नुपर्नेछ ।

परिजिता अहिले मेरिल्यान्डमा सिनियर हाइस्कुल पढिरहेकी छिन् र भविष्यमा ब्रुकलिन म्युजिक कलेजमा पढ्ने योजनामा छिन् । परिजिताले नेपालीलाई पनि भोट हाल्न अपिल गरिरहेकी छिन् तर उनी अहिलेसम्म पनि नेपाल भने आउन पाएकी छैनन् । केही दिनअघि काठमाडौँका मेयर बालेन शाहसँग अनलाइनमा कुरा गर्दै उनले भ्वाइस सकेपछि नेपाल आउने सोच बनाएको बताएकी थिइन् ।

सो अवसरमा उनले बालेनको 'स्याभेज' बोलको गीत आफ्नो फेवरेट गीत भएको बताएकी थिइन् । परिजितालाई जिताउन अमेरिकामा बस्ने नेपालीहरूले भोटिङ क्याम्पेन पनि चलाइरहेका छन् । *इकागजबाट*

# 'शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन सबैको भूमिका महत्वपूर्ण

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबैको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

हेटौंडामा भएको निर्वाचन र मिथ्या सूचनाको चुनौती बिषयक अन्तरक्रियामा बोल्दै उनले यस्तो बताएका हुन् । प्रमुख जिल्ला अधिकारी पाण्डेले जिल्लामा निष्पक्ष, शान्त, स्वतन्त्र र भयरहित निर्वाचन गराउन तयार रहेको बताए ।




'यो निर्वाचन हाम्रा लागि हो, हामीले चुन्ने जनप्रतिनिधिले हाम्रा लागि नीति नियम बनाउने र विकासका काम गर्ने हुन् भन्ने आम सर्वसाधारणले बुझ्न जरुरी छ', प्रजिअ पाण्डेले भने, 'यो आफ्नो प्रतिनिधि छान्ने निर्वाचन हो भन्ने जनतालाई बुझाउनु आवश्यक छ ।'

निर्वाचनको समयमा सामाजिक सञ्जालमा आउने गलत समाचारले भ्रम छरिरहेको उनको प्रतिक्रिया थियो । निर्वाचन संवेदनशील विषय हो भन्ने बुझ्न जरुरी रहेको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए ।

'सामाजिक सञ्जालमा आउने विभिन्न हेडलाइन भएका सामग्रीले पैसाको लागि भए नभएको कुरा लेख्ने प्रवृत्ति रहेको देखिन्छ । घटनालाई अतिरन्जित पार्ने क्रम पनि बढेको छ', उनले थपे, 'निर्वाचन शान्तिपूर्ण बनाउन सबैको भूमिका उत्तिकै महत्वपूर्ण भूमिका छ ।

सामाजिक सञ्जालमा आउने सबै बिषय समाचार होइनन् र आधिकारिक होइनन् भन्ने बुझ्नुपर्ने देखियो ।' नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक दिपेश आचार्यले निर्वाचनको समयमा धेरै मिथ्या सूचना आउने गरेको बताए ।

कार्यक्रमलाई सहजीकरण गर्दै पत्रकार दीपक अधिकारीले सामाजिक सञ्जालमा आएका सबै बिषयलाई समाचार भनेर बुझ्नु गलत हुने बताए । मिथ्या सूचना चिन्न जरुरी रहेको उनको सुझाव थियो ।

नेपाल दुरसञ्चार प्राधिकरणको सहयोगमा भएको अन्तर्क्रिया कार्यक्रम आरके टेक सोलुसन्सले टेकपाना मिडिया प्रालिसँगको सहकार्यमा आयोजना गरेको हो ।

# प्रदीप खड्काले नवलपरासी पुगेर कांग्रेस उम्मेदवार विनोद चौधरीलाई मागे भोट

काठमाडौं / अभिनेता प्रदीप खड्का नेपाली कांग्रेसका उम्मेदवारको पक्षमा खुलेका छन् । मंगलबार बर्दघाटमा नवलपरासी-१ बाट कांग्रेस उम्मेदवार विनोद चौधरीको चुनावी सभामा प्रदीप पनि सहभागी भए ।

सोही कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि सहभागी थिए । आयोजकले प्रदीपलाई मञ्चमै आसन ग्रहण गराएका थिए । लामो कपाल, कालो चस्मा र कोटमा सजिएका प्रदीप देउवा र प्रचण्ड पछाडिको लहरमा बसेका थिए ।



प्रदीपले आमसभालाई सम्बोधन समेत गरेर विनोद चौधरीलाई जिताउन मतदातालाई अपील गरे । यसअघि राजनीतिक विषयमा नखुलेका प्रदीपले यो चुनावमा गठबन्धनको पक्षमा आफूलाई खुलाएका हुन् । भारतबाट आएलगत्तै प्रदीप उम्मेदवार चौधरीलाई भोट माग्न सिधै नवलपरासी पुगेका हुन् । गत साता विनोद चौधरीका लागि माग्न अभिनेता तथा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी पनि नवलपरासी पुगेका थिए । त्यसपछि केसीलाई निर्वाचन आयोगले कारवाही किन नगर्ने भन्दै स्पष्टीकरण सोधेको थियो । *(अनलाइनखबरबाट)*

# विदेशीको प्रभाव रोक्न राष्ट्रवादी शक्ति एकजुटः थापा



साझाकुरा संवाददाता

हेटौंडा, २९ कार्तिक/ मकवानपुर क्षेत्र नम्बर १ मा नेकपा एमालेबाट उम्मेद्वार रहेका राप्रपा नेपाल अध्यक्ष कमल थापाले देशमा विदेशी शक्तिहरुको दबाब र प्रभाव बढेकाले राष्ट्रवादी शक्तिहरु एकजुट भएको बताएका छन् ।

स्वदेशमा विदेशीको दबाब र प्रभावलाई रोक्न राष्ट्रवादी शक्तिहरु एमाले र राप्रपा नेपाल एकजुट भएको उनको भनाई थियो । राष्ट्रवादी भएरै एमालेको चुनाव चिन्ह सुर्यबाट निर्वाचन लडेको थापाले बताए ।

हेटौंडा उपमहानगर पालिका-१४ मा भएको चुनावी सभामा बोल्दै थापाले मुलुकको स्वाधिनता र स्वाभिमानको रक्षा, राष्ट्रियताको संरक्षण, प्रजातन्त्रको सुदृढीकरण र आर्थिक समृद्धि, भ्रष्टाचार अन्त्यको निमित्त राष्ट्रवादी शक्तिको सरकार बन्नुपर्ने आवश्यकता भएको उनले बताए । मुलुकमा बेथिति र कुशासन ल्याउने शक्ति जनताले चिन्नुपर्ने भन्दै थापाले भ्रष्टाचारलाई अन्त्य गर्न एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्न जरुरी रहेको बताए ।

मकवानपुरको अपुरो विकासको काम सम्पन्न गर्न पनि आफु चुनावमा होमिएको थापाले बताएका छन् । उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा बनेको सरकारमा सँगै रहँदा धेरै राष्ट्रवादी र देशहितमा काम गरेको समेत स्मरण गरे ।

गठबन्धनको नाममा ब्रम्हलुट र कुशासनको अन्त्य गर्नको निमित्त राष्ट्रवादी शक्तिलाई आगामी निर्वाचनमा विजयी गराउनु पर्नेमा थापाले जोड दिए । अहिले विदेशी शक्तिको आडमा कठपुतली सरकार चलिरहेकोले यसलाई अन्त्य गरी एमाले अध्यक्ष ओलीको नेतृत्वमा राष्ट्रवादी सरकार बनाउन उहाले आग्रह गरे ।

# जनताको चाहना बमोजिम अघि बढ्ने पराजुलीको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २९ कार्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' का उम्मेदवार नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुलीले जनताकै चाहना बमोजिम साझा भएर अघि बढ्ने प्रतिबद्धता जनाएका छन् ।



चुनावी अभियानको क्रममा मंगलबार हेटौंडा ८ नम्बर वडामा भएको घरदैलो कार्यक्रममा उनले जनताको मतको सधैं सम्मान गर्दै जनताकै चाहना बमोजिम साझा भएर अघि बढ्ने प्रतिबद्धता जनाएका हुन् । उनले मतदाताको शिर निहुरिने काम नगर्ने बताए । 'म बर्षौंदेखि जनताको साथमा रहेर नेपाली कांग्रेसको राजनीति गर्दै आएको छु ।

मकवानपुरबासीलाई परेको समस्यामा सकेसम्म साथै छु', उनले भने, 'राजनीतिलाई सेवा बनाएर जिल्लाको विकास र समृद्धिको अभियानमा लागिपरेको छु । यहाँको सम्भावना देखेको छु, विकासको योजना बनाएको छु ।' मकवानपुर प्रदेश राजधानी भएपनि यहाँको भौतिक पूर्वाधार विकासमा धेरै काम गर्न बाँकी रहेकोले स्थानीय र प्रदेश सरकारसंगको समन्वयमा केन्द्र सरकारबाट बजेट ल्याएर काम गर्ने योजना रहेको सुनाए ।

यसअघि जितेर गएकाहरु मतदाताकोमा फर्केरै नआएको गुनासो सुनिएको भन्दै उनले गठबन्धन दलका उम्मेदवारले यस्तो गुनासो नआउने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

यसअघि पटक पटक जितेको एमालेले देखिने काम केही गर्न नसकेको पराजुलीको भनाई थियो । 'पटक पटक जितेर पनि केही कामै नगरेका एमालेका साथीहरु फेरि प्रलोभन र आश्वासनको पोको लिएर जनता झुक्याउन आएका छन् ।

कुनै योजना नै नभएपछि गठबन्धनको विरुद्ध अनेक अफवाह फैलाइरहेका छन्', पराजुलीले भने, 'नेपाली जनताले अब सबै कुरा बुझिसकेका छन् । जनमतको अपमान गर्ने एमालेलाई भोट दिनेछैनन् ।' निर्वाचन पश्चात पनि सबैको साझा भएर जनताकै माझ रहेर काम गर्ने उनले प्रतिबद्धता जनाए ।

# गठबन्धन सरकार बन्ने वितिक्कै लालपुर्जा वितरण गर्ने छिन्तुको उद्घोष


हेटौंडा, २९ कात्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ प्रदेशसभा (क) का उम्मेदवार प्रेम बहादुर पुलामी (छिन्तु) ले गठबन्धन सरकार बन्ने वितिक्कै पहिलो प्राथमिकतामा लालपुर्जा वितरण प्रक्रियामा पहल गरिने बताएका छन् ।

मंगलबार बकैया गाउँपालिका वडा नम्बर २ स्थित तिनभंगालेमा आयोजित चुनाबीसभामा बोल्दै छिन्तुले यस क्षेत्रमा अधिकांश जनता भूमिहिन भएकाले गठबन्धन सरकार बन्ने वित्तिक्कै आफुले लालपुर्जा वितरण प्रक्रियामा पहल गरिने गरेका हुन् ।

उम्मेदवार छिन्तुले मुलुकको विकास र समृद्धि गर्ने जिम्मेवारी लोकतान्त्रिक बाम गठबन्धनकै भएकाले भ्रममा नपरी गठबन्धनको चुनाव चिन्ह रुख र गोलाकारभित्रको हँसिया हथौडामा मतदान गर्न मतदातालाई आग्रह गरे । अहिले विभिन्न प्रलोभन देखाएर जनताको अधिकार लुट्न प्रतिगामीहरु सल्बलाएको भन्दै उहाँले यस्ता प्रतिगामीहरुलाई बेलैमा चिनेर परास्त गर्नुपर्ने बताए ।

उम्मेदवार छिन्तुले यहाँ सडक, कृषि, स्वास्थ्य, शिक्षा, रोजगारी लगायत क्षेत्रमा समस्या रहेको बताउँदै प्रदेश सरकारको पहलमा विकासको मूल फुटाउने प्रतिबद्धता पनि व्यक्त गरे । साथै उनले मंसिर ४ गते हुने निर्वाचनमा मतदाता र बुथ सुरक्षाका लागि तयारी अवस्थामा रहन गठबन्धनका युवाहरुलाई निर्देशन समेत दिए । गठबन्धनका बकैया वडा नम्बर २ का प्रचारप्रसार संयोजक अशोक जिम्बाको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी बागमती प्रदेश सदस्य सुमन पाखिन, जिवन गोले र लक्ष्मी पाखिन, गठबन्धनका क्षेत्र नम्बर १ का प्रचारप्रसार संयोजक दामोदर खनाल र नेकपा एकिकृत समाजवादीका नारायण तिमल्सिना लगायतको सहभागिता रहेको थियो ।

# मतदान केन्द्रमा क्यामरा र मोबाइल लैजान नपाइने



निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको समयमा मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु लान रोक लगाएको छ । आयोगले मंगलबार मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन जारी गरेको छ ।

'मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनको निम्ति प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमा समेत छलफल गराई सार्वजनिक आह्वान र अनुरोध गर्ने,' आयोगले आज विज्ञप्ति जारी गर्दै भनेको छ । मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानुन बमोजिम तत्काल कारबाही गर्न समेत आयोगले भनेको छ ।

सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने विज्ञप्तिमा उल्लेख छ । 'कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लगी मतसंकेत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत हुने ब्यहोरा सर्वसाधारणलाई सूचित गर्ने,' आयोगले भनेको छ ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९, निर्वाचन आचार संहिता, २०७९ विपरीत कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउन समेत आयोगले भनेको छ ।-*न्युज कारखाना*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमाः **www.sajhakuranews.com**
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# एमालेले जिते फेरि संसद् विघटन गर्छ : डीना

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को उम्मेदवार नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'ले नेकपा एमालेले जितेमा फेरि संसद् विघटन गरेर संविधानमाथि प्रहार गर्ने बताएकी छिन् ।

निर्वाचन केन्द्रीत कार्यक्रम अन्तर्गत हेटौंडा ८ मा भएको घरदैलो कार्यक्रममा बोल्दै डीनाले यस्तो बताएकी हुन् । उनले जनमतको सम्मान गर्न नसक्ने पार्टीलाई फेरि मत दिन बेक्कार हुने बताइन् ।

जनताको अधिकारका लागि बनेको संविधान नमान्नेहरुलाई जनतासंग मत माग्ने नैतिक अधिकार समेत नभएको उनको भनाई थियो । मंसिर ४ को निर्वाचन संविधान पक्षधर र संविधान नमान्ने प्रतिगामीको बीचमा हुन लागेको उनले बताइन् । 'संविधान निर्माणको क्रममा हस्ताक्षरै नगर्ने र संविधान नमान्ने, संसद्



विघटन गर्ने र सधैं जनतालाई झुटो आश्वासन, नारा दिनेहरु एक भएका छन् ।

संविधान पक्षधर शक्तिहरु कांग्रेसको नेतृत्वमा गठबन्धनसहित चुनावी प्रतिस्पर्धामा छौं', उनले भने, 'मुलुकको विकास र समृद्धि चाहने हामीले प्रतिगामी तत्वसंग प्रतिस्पर्धा गरिरहेका छौं । गठबन्धनको जित सुनिश्चित छ ।' संविधान र व्यवस्था नै नमान्ने कमल थापा र दीपक सिंहहरु अहिले जनताकोमा आएर अनेक आश्वासन र प्रलोभन दिइरहेको उनको भनाई थियो ।

जनताको अधिकारका लागि ल्याइएको संविधान नमान्नेहरुलाई मत हराएर ठेगान लगाउने बेला आएको उनले बताइन् । डीनाले आफू विजयी भए मकवानपुरका लागि राष्ट्रिय बजेट ल्याएर समृद्ध र विकसित मकवानपुर बनाउने अभियानमा लाग्ने बताइन् । समानुपातिकबाट सहजै प्राप्त सांसद् पद छोडेर प्रत्यक्ष निर्वाचनमा होमिन आएको जानकारी दिँदै उनले जनताको हर सुखदु:खमा साथौ र हने प्रतिबद्धता जनाएकी छिन् ।

गठबन्धन र कांग्रेसको पक्षमा माहौल देखेर विपक्षीहरु बर्बराउन थालेको उनको भनाई थियो । गठबन्धनको जित सुनिश्चित भइसकेको दावी गर्दै उनले मतान्तर बढाउन र मंसिर ४ गतेसम्म कुर्न अनुरोध गरिन् ।

# कांग्रेसद्वारा पार्टीको उम्मेदवार विरुद्धमा लागेका १६ जनालाई कारवाही

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ नेपाली कांग्रेस मकवानपुरले प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा पार्टीको नीति, सिद्धान्त र निष्ठा विपरित पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारको विरुद्धमा लागेका १६ जना नेता तथा क्रियाशील सदस्यहरुलाई कारवाही गरेको छ ।



मंगलबार पत्रकार सम्मेलन गर्दै कांग्रेसले पार्टीको जिल्ला अनुशासन समितिले पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारको विरुद्धमा लागेका १६ जना नेता तथा क्रियाशील सदस्यहरुलाई कारवाही गरेको जनाएको हो । कारबाहीमा पर्नेमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधि सभातर्फ मकवानपुर क्षेत्र २ का उम्मेदवार भरत पराजुली पनि रहेका छन् ।

पराजुली नेपाली कांग्रेसको पूर्व महासचिव सदस्य थिए । यस्तै स्वतन्त्र राजनैतिक शक्ति पार्टीबाट प्रतिनिधि सभा सदस्यतर्फ मकवानपुर क्षेत्र नम्बर २ का अर्का उम्मेदवार धिरज विक्रम न्यौपानेलाई पनि कारवाही गरिएको कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिए । न्यौपाने कांग्रेसको क्रियाशील सदस्य रहेको बताइएको छ ।

कारबाहीमा पर्नेमा पार्टीका पूर्व महासमिति सदस्य तथा आसन्न निर्वाचनमा बिपीका तर्फबाट उम्मेदवार रिता खनाल, क्रियाशील सदस्य रमेश ढकाल, पूर्व प्रदेश सभा क्षेत्रीय सभापति सुजन गोपाली, पूर्व इकाई सभापति भीम घिमिरे, क्षेत्रीय प्रतिनिधि कर्ण बहादुर थिङ, नेपाल तरण दल जिल्ला उपाध्यक्ष निराजन बर्तौला, प्रदेश क्षेत्रीय सचिव नवराज पौडेल, नेपाल तरुण दल जिल्ला सदस्य किशोर राना, भीमफेदी गाउँपालिका उपसभापति रुद्र लामा, तरुण दल जिल्ला सदस्य सिरित राई, नगर समिति सदस्य सूर्य थोकर, पूर्व जिल्ला सदस्य गोपी अधिकारी, तरुण दल ईकाइ वडा अध्यक्ष बुद्ध लामा र बुथ प्रतिनिधि मिरा सापकोटा रहेका छन् ।

कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले आसन्न निर्वाचनमा पार्टीको नीति, सिद्धान्त र निष्ठा विपरित काम गरी अन्य दल वा चुनाव चिन्हबाट निर्वाचनमा उम्मेदवारी दिई पार्टीलाई क्षति पुर्याउनेहरुलाई कारबाही गरिएको बताए । कारबाहीमा पर्नेहरुको पार्टीको साधारण सदस्य पद समेत नरहने जनाइएको छ ।

# मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार ५६६

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार ५६६ पुगेको छ ।

जिल्लामा मंगलबार थप ६६ जना डेंगु संक्रमित थपिएसँगै जिल्लामा संक्रमितको संख्या संख्या ५ हजार ५६६ जना पुगेको हो । जसमा ३ हजार ६३ जना पुरुष र २ हजार ५०३ जना महिला गरी ५ हजार ५६६ जना महिला रहेका छन् । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् ।

हेटौंडा उपमहानगर पालिकामा २ हजार ३२२ जना पुरुष र १ हजार ८७६ जना महिला गरी ४ हजार १९८ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ४९३ जना पुरुष र ४४२ जना महिला गरी ९३५ जना, थाहा नगर पालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४३ जना पुरुष र ३० जना महिला गरी ७३ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ३ जना महिला गरी ७ जना रहेका छन् ।

यसैगरी, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा २४ जना पुरुष र २४ जना महिला गरी ४८ जना, बकैया गाउँपालिकामा १६ जना पुरुष र २७ जना पुरुष गरी ४३ जना, राक्सिराङ गाउँपालिकमा १८ जना पुरुष र ६ जना महिला गरी २४ जना, हाल ठेगाना नखुलेका १५ जना पुरुष र १४ जना महिला गरी २९, अन्य जिल्लाका १४ जना पुरुष र ८ जना महिला गरी २२ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा उक्त संक्रमणका कारण हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । स्वास्थ्य कार्यालयका मकवानपुरको अनुसार उक्त तथ्यांक गत साउन महिनादेखि मंगलबार सम्मको हो ।

# निर्वाचन सामग्री वितरण सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मंसिर ४ गते हुने प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचनमा खटिने कर्मचारीलाई निर्वाचन आयोगको कार्यालयले निर्वाचन सामग्री वितरण गर्न सुरु गरेको छ ।

बागमती प्रदेश निर्वाचन कार्यालयले सोमबारदेखि नै निर्वाचन सामग्री वितरण कार्य सुरु गरेको हो । जिल्लाको दुर्गम र दूरीका हिसाबले टाढाको मतदानस्थलमा खटिने कर्मचारीलाई मतदानस्थल पुग्न आवश्यक तयारी छिटो गर्न सहज होस् भनी निर्वाचन सामग्री छिट्टै वितरण गर्न सुरु गरिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

प्रदेश निर्वाचन कार्यालयले ७३ प्रकारका सामग्री वितरण गरेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले जानकारी दिए । मतपत्र भने प्रमुख निर्वाचन अधिकृतको कार्यालयले वितरण गर्नेछ । मतपत्र बुधबार र बिहीबार दुईदिन वितरण गरिने मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले बताए ।

मकवानपुरको प्रतिनिधि सभा क्षेत्र नम्बर १ मा १६ जना उम्मेदवार छन् भने क्षेत्र नम्बर २ मा १० जना उम्मेदवार छन् । यस्तै प्रदेश सभा १ को (क) मा १० जना, (ख) मा १५ जना उम्मेदवार छन् । यस्तै २ को (क) मा ८ जना र (ख) मा १० जना उम्मेदवार छन् । निर्वाचन सामग्री लिन निर्वाचन कार्यालयमा पुग्नु भएका हेटौंडा उपमहानगर पालिकाका भीमप्रसाद तिमल्सिनाले स्थानीय तहको निर्वाचन सम्पन्न गरेको ६ महिना हुँदै गर्दा अर्को निर्वाचनको काम गर्न सहज भएको बताए ।

मकवानपुरमा १ सय ६७ वटा मतदानस्थल र दुईवटा अस्थायी मतदानस्थल कायम गरिएको छ भने ३ सय ६४ वटा मतदान केन्द्र कायम गरिएको छ । मकवानपुरमा निर्वाचनका लागि २ हजार ९ सय १८ जना कर्मचारी खटिएका छन् ।

# जनताको आधारभूत आवश्यकतालाई प्राथमिकता दिइन्छ : बानियाँ



हेटौंडा, २९ कात्तिक/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर-२ प्रदेशसभा (ख) मा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ईन्द्र बहादुर बानियाँले जनताको आधार भूत आवश्यकता पूरा गर्दै शिक्षा, स्वास्थ्य रोजगार, पूर्वाधार विकास, ग्रामिण विद्युतीकरण, खानेपानीलगायत जनहितका कामलाई प्राथमिकता दिइने बताएका छन् ।

गठबन्धनले कैलाश गाउँपालिकामा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै नेता बानियाँले यस्तो बताएका हुन् । उनले गठबन्धनको सरकार बनेपछि गरिब, निमुखा जनताको पक्षमा प्राथमिकताका साथ काम गरिने बताए ।

बानियाँले गरिबमुखी, न्यायमुखी वातावरण सिर्जना गरी जनताको आधारभूत आवश्यकता पूरा गर्दै शिक्षा, स्वास्थ्य रोजगार, पूर्वाधार विकास, ग्रामिण विद्युतीकरण, खानेपानीलगायत जनहितका कामलाई प्राथमिकता दिइने बताए । उनले बागमती प्रदेशका गरिब निमुखा जनताको लागि ५ वर्षको अवधिमा १० हजार घर बनाएर हस्तान्तरण गरिने बताए ।

प्रदेशमा १० महिना गठबन्धनले सरकारको नेतृत्व गर्दा कैलाश गाउँपालिकाको पूर्वाधार विकासमा करोडौं बजेट विनियोजन गरेको भन्दै आगामी दिनमा जनताको अवस्था सुधार गर्न गठबन्धनले सरकारको नेतृत्व गर्नुपर्ने बताए । एमालेले साढे ३ वर्ष सरकारको नेतृत्व गर्दा सो क्षेत्रको विकास निर्माणको कामलाई उपेक्षा गरेको भन्दै अब उनले अब जनताले एमालेलाई विश्वास नगर्ने बताए ।

जनताको त्याग तपस्या र बलिदानीबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान माथि नै प्रहार गरेको भन्दै बानियाँले अबको निर्वाचनबाट जनताले प्रतिगमनकारीहरुलाई परास्त गर्ने बताए । गठबन्धनका कैलाश गाउँपालिका संयोजक तेजबहादुर ब्लोनको अध्यक्षतामा भएको कार्यक्रममा गठबन्धनका विभिन्न दलका नेताहरु ओमबहादुर घलान, गोविन्दराम चेपाङ, सन्त चेपाङ र सरु थापा, ललित बस्नेत, बालकुमार मल्ल, राजेन्द्र घिसिङ, टंकबहादुर मोक्तान, कांग्रेस नेता पदमबहादुर तितुङ, सीता पुलामी, लगायतको उपस्थिति रहेको थियो ।

# गठबन्धनको योजना लुट्ने र खाने मात्रै: पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्यसमेत रहेका बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले गठबन्धनको अबको योजना देश लुट्ने र खाने मात्रै भएको आरोप लगाएका छन् ।

हेटौंडामा एमालेको चुनावी सभालाई सम्बोधन गर्दै पौडेलले गठबन्धन सत्ता हत्याउने र जनताको भावनालाई कुल्चिएर लुट्न मात्रै बनाइएको बताए । गठबन्धनले जनताको भावनालाई काममा उतार्न नसक्नेमा आफू ढुक्क रहेको उनको भनाई छ । पौडेलले मुलुकको समृद्धिका लागि एमालेको विकल्प नभएको पनि बताए । हेटौंडालाई राजधानी बनाउनेदेखि मकवानपुरको समग्र विकासमा एमालेका विगतका स्थानीयदेखि प्रदेश सरकारले काम गरेको विषयमा जनता जगजाहेर रहेको उनले बताए । मकवानपुरको विकासमा कुन पार्टीको योगदान छ भनेर जनताले प्रष्ट बुझेको भन्दै गठबन्धनका नाममा जनतामा भ्रम फैलाउन खोजिएको उनको भनाई थियो ।

पौडेलले आगामी निर्वाचनमा गठबन्धनले जनताको मत हाल्न पाउने अधिकारलाई कुठाराघात गरेकोसमेत आरोप लगाए । आफ्नो पार्टीमा भोट हाल्न पाउने अधिकारलाई रोकेर गठबन्धनको नाममा उम्मेद्वारी नै नदिएको उनको भनाई थियो । हेटौंडा उपमहानगरपालिका-१४ मा नेकपा एमालेले आयोजना गरेको चुनावी



सभामा बोल्दै नेकपा एमालेको सरकार बन्नु बाहेकको विकल्प नभएको समेत प्रष्ट पारे । बहुमत आउन सक्ने भन्दा कम क्षेत्रमा उम्मेद्वार खडा गरेर बहुमत ल्याउने सबै पार्टीले अस्तित्व गुमाएको पनि उनले बताए । बहुमत बन्ने हैसियतमा एमाले मात्र रहेको पौडेलको दाबी छ । बहुमत ल्याउन नसक्ने गरि उम्मेद्वार दिने पार्टीले देशको भलो गर्न नसक्ने भन्दै उनले भने, 'गठबन्धनका मान्छे पुर्व जानुपर्ने पश्चिम जान्छन्, पश्चिम जाने पुर्व जान्छून, यस्ताले देशलाई समृद्ध बनाउन सक्दैनन्,'

सडक, स्वास्थ्य, शिक्षा लगायतका धेरै विकासका काम गरेको र अझै पनि गर्न बाँकी रहेकोले एमालेले मत पाउने उनको भनाई थियो । विकास चाहने हो भने एमालेको सरकार बन्नुपर्ने भन्दै २० औं ३० औं वर्षदेखि नभएको विकास एमालेको पालामा भएको स्मरण पौडेलले गराएका छन् । एमाले सरकारले छोटै समयमा धेरै काम गरेपनि वर्तमान सरकार विदेशीको लागि कम्फर्टेवल सरकार बनाउन लागि परेको आरोप लगाए । गठबन्धनको सरकार बने ५ वर्ष पछाडि हुँदै यसको असर २० औं बर्ष सम्म रहनसक्ने तर्फ सचेत रहन उनले मतदाताहरुलाई आग्रह गरेका छन् । मयुरधाप औद्योगिक क्षेत्रको सुरुवात भएपछि १४ नम्बर वडावासीले प्रत्यक्ष लाभ लिने उनले बताए ।

कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा मकवानपुर सहइन्चार्ज जुनेली श्रेष्ठ, मकवानपुर क्षेत्र नम्बर १ का उम्मेद्वार कमल थापा, प्रदेशसभा १ को (ख) का उम्मेदवार एकालाल श्रेष्ठ, पार्टी प्रदेश कमिटी सदस्य इन्द्रमान स्याङ्तान, मकवानपुर निर्वाचन परिचालन कमिटी सहसंयोजक श्रीधर पोखेल, जिल्ला सचिवालय सदस्य मदन दाहाल लगायतका नेताहरुको आतिथ्यता थियो । यसैगरी मंगलबार नै एमालेका उम्मेद्वार कमल थापा र एकालाल श्रेष्ठले हेटौंडा ५ र १५ नम्बर वडमा घरदैलो गर्दै कोण सभालाई सम्बोधन पनि गरेका छन् ।

# सोलिड्यारिटी टि-२० को सेमीफाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ निरज श्रेष्ठको स्मृतिमा भइरहेको जिल्लास्तरीय अन्तरविद्यालय टि-२० क्रिकेट प्रतियोगितामा सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी सेमीफाइनलमा प्रवेश गरेको छ ।

मंगलबार भएको पहिलो खेलमा तुल्सीमेहर मेमोरियल स्कूललाई ७३ रनले पराजित गर्दै सोलिड्यारिटी सेमीफाइनल प्रवेश गरेको हो । टस जितेर तुल्सीमेहरले पहिले बलिङ गरेको थियो । व्याटिङको निम्तो पाएको सोलिड्यारिटीले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ६५ रन बनायो । सोलिड्यारिटीका लागि पंकज पटेलले ५६ रन, अनिष यादवले ३९ रन बनाए । १ सय ६६ रनको लक्ष्य पछ्याएको तुल्सीमेहरले १६ ओभर ४ बलमा अलआउट हुँदै जम्मा ९२ रन मात्रै बनाउन सक्यो । तुल्सीमेहरलाई सस्तैमा समेट्ने क्रममा सोलिड्यारिटीका बलर सुरज यादवले ३ विकेट लिँदा एम डि साकिव र रुपेश पटेलले समान २ विकेट लिए । म्यान अफ द म्याच सोलिड्यारिटीका पंकज पटेल घोषित भए ।


## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्सलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना